**संघीय संसद**

**राष्ट्रिय सभा**

**संघीयता सबलीकरण तथा राष्ट्रिय सरोकार समिति**

बैठक संख्याः२६१

मितिः २०८१/०५/१६

समयः बिहान ११:०० बजे

प्रारम्भ: बिहान ११:०५ बजे

अन्त्य: बिहान ११:४५ बजे

छलफल एवं निर्णयः

१) समितिको आज मिति २०८१/०५/१६ गते आइतबार श्री बौद्ध तथा मेलम्ची घ्याङ् गुठीको पुजारी, भेटी एवं चल अचल सम्पत्ति व्यवस्थापन, उपयोग र उक्त गुठीबाट प्राप्त निवेदनका सम्बन्धमा छलफलका लागि निवेदकहरुलाई बिहान ११:०० बजे बस्ने समिति बैठकमा आमन्त्रण गरिएकोमा तोकिएको समयमा आमन्त्रित व्यक्तिहरु उपस्थित नभएको र कार्यसूचीमा रहेको विविध शीर्षक अन्तर्गत समितिलाई आ.व. २०८१/८२ का लागि प्राप्त विनियोजित बजेट सम्बन्धमा समिति बैठकमा छलफल सम्पन्न भयो।

२) आजको बैठकले समितिको कार्यक्षेत्रका विषयहरु मध्ये राष्ट्रिय गौरवका आयोजनाहरुको कार्यान्वयन प्रगति अवस्था, समय मै सहज रुपमा आयोजना सम्पन्न गर्न समस्या समाधानको लागि एवं समितिले यस अघि दिएका सुझाव र निर्देशनहरुको प्रभावकारी कार्यान्वयन र सुधारको अवस्थाको सम्बन्धमा अध्ययन गर्न, तहगत अन्तरसम्बन्ध र समन्वयको अवस्था सम्बन्धमा स्थानीय तहसँग सम्बन्धित क्षेत्रमा गई अध्ययन गर्न, राष्ट्रिय सम्पदा र प्राकृतिक स्रोतको संरक्षण, सम्बर्द्धन, उपयोगको विषयमा समेत अनुगमन गर्न समितिका माननीय सदस्य ५ जना र २ जना सचिवालयका कर्मचारी गरी जम्मा ७ जनाको टोलीबाट उपयुक्त समयमा स्थलगत अनुगमन एवं अन्तर्क्रिया गर्ने र सो को लागि आवश्यक व्यवस्थापन गर्न सचिवालयलाई निर्देशन दिने निर्णय भयो।

३) समितिको आगामी बैठक अर्को सूचना भएपछि बस्नेगरी आजको बैठक अन्त्य भयो।

(सीता काफ्ले वाग्ले)
समिति सचिव

(सोनाम गेल्जेन शेर्पा)
सभापति